कृषि तथा वन विज्ञान विश्वविद्यालय

# परीक्षा नियन्त्रण कार्यालय

रामपुर, चितवन

प.नि.का.च.नं.......................२०७५/०७६

मिति: २०७५।११।२९

## मौका परीक्षाको परीक्षा आवेदन फाराम भर्ने सूचना

कृषि तथा वन विज्ञान विश्वविद्यालय, वन विज्ञान संकाय अर्न्तगत शैक्षिक सत्र २०७४।०७५, शैक्षिक सत्र २०७२।०७३ र शैक्षिक सत्र २०७१।०७२ मा संचालित B.Sc. Forestry मा भर्ना भई अध्ययनरत क्रमश: प्रथम सेमेष्टर, चौथो सेमेष्टर र छैठौं सेमेष्टरको नियमित परीक्षामा अनुत्तीण भएका विद्यार्थीहरुले उक्त सेमेष्टरहरुको मौका परीक्षामा सम्मिलित हुन २०७५ साल चैत्र ०१ गते देखि चैत्र १२ गते सम्म नियमित शुल्क र चैत्र १३ गते देखि चैत्र १५ गते सम्म विलम्व शुल्कमा परीक्षा आवेदन फाराम भरी कार्यालय समय भित्र सम्बन्धित संकायमा बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ । परीक्षा आवेदन फाराम सम्बन्धित संकायवाट प्राप्त हुने व्यहोरा जानकारी गराइन्छ ।

शर्तहरु :

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरु सवै भरिएको हुनु पर्नेछ । आवेदन फाराममा परीक्षार्थीहरुको हालसालै खिचेको अनुहार र दुवै कान प्रष्ट देखिने पासपोर्ट साइजको फोटो २ (दुई) प्रति टाँसिएको हुनु पर्नेछ ।

२. मौका परीक्षामा सम्मिलित हुनको लागि परीक्षा शुल्क रु. ८५०।- र परीक्षा आवेदन फाराम शुल्क रु १००।- का दरले बुझाउनु पर्नेछ । तोकिएको अवधिमा फाराम नभरेमा निम्न वमोजिम विलम्व शुल्क लाग्नेछ ।

| | |
|---|---|
| २०७५ साल चैत्र १३ गते | रु. ३००।- |
| २०७५ साल चैत्र १४ गते | रु. ५००।- |
| २०७५ साल चैत्र १५ गते | रु. ११००।- |

३. परीक्षा शुल्क र परीक्षा आवेदन फाराम शुल्क तोकिएको समयमा बुझाई परीक्षा आवेदन फाराम भरिसकेका तर तोकिएको म्याद भित्र उक्त फाराम नबुझाएमा रु. ११००।- विलम्व शुल्क बुझाए पछि मात्र फाराम बुझिलिइनेछ ।

४. आन्तरीक मूल्यांकन परीक्षामा अनुतीर्ण परीक्षार्थीहरु अन्तिम परीक्षामा सम्मिलित हुन पाउने छैनन् । परीक्षार्थीहरुको प्राप्ताङ्क परीक्षा आवेदन फाराममा सम्बन्धित संकायले अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।

५. प्रवेश पत्र **(Admit Card)** परीक्षा शुरु हुन २ (दुई) दिन अगावै सम्बन्धित संकायबाट उपलब्ध हुनेछ।

६. अन्य विस्तृत जानकारीको लागि परीक्षा नियन्त्रण कार्यालय, रामपुर, चितवनमा संम्पर्क राख्नु होला ।

७. परीक्षाको समय तालिका पछि प्रकाशित गरिने छ र साथै कृषि तथा वन विज्ञान विश्वविद्यालयको **Website : www.afu.edu.np** वाट पनि हेर्न सकिनेछ ।

प्रा.नारायण राज जोशी
परीक्षा नियन्त्रक